"समुन्नत ठाकुरबाबाः सबल नगरवासी"

आर्थिक वर्ष २०८३।०८४ को

# नीति तथा कार्यक्रम

ठाकुरबाबा नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

सैनवार, बर्दिया

## आ. व. २०८३।०८४ को नीति तथा कार्यक्रमः

गरिमामय नगर सभाका उपाध्यक्षज्यू, नगर सभाका सचिवज्यू, नगर सभाका सदस्यज्यूहरू, राष्ट्रसेवक कर्मचारीज्यूहरु, सम्पूर्ण नगरवासी महानुभावहरू तथा स्वदेश तथा विदेशबाट यस कार्यक्रमको प्रत्यक्ष प्रसारण मार्फत जोडिनुभएका सम्पूर्ण शुभेच्छुक महानुभावहरूलाई पुनः हार्दिक स्वागत गर्दछु।

ठाकुरबाबा नगरपालिकाको गरिमामय नगर सभाको १९ औं अधिवेशनको प्रथम बैठकमा आगामी आर्थिक वर्ष २०८३।०८४ को नीति तथा कार्यक्रम प्रस्तुत गर्ने महत्वपूर्ण अवसरमा सर्वप्रथम नेपालमा सङ्घीय लोकतान्त्रिक गणतन्त्र स्थापना, राष्ट्रिय एकता, लोकतन्त्र, सामाजिक न्याय तथा जनअधिकारको प्राप्तिका लागि विभिन्न कालखण्डमा भएका ऐतिहासिक राजनीतिक आन्दोलनहरूमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात-अज्ञात शहिदहरूप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु। साथै राष्ट्रको लोकतान्त्रिक रूपान्तरण, सामाजिक परिवर्तन र नागरिक अधिकारको स्थापनाका लागि भएका सङ्घर्षका विभिन्न चरणहरूमा योगदान पुर्याउनुहुने अग्रज व्यक्तित्वहरू, घाइते योद्धाहरू तथा सम्पूर्ण नागरिकहरूप्रति उच्च सम्मान व्यक्त गर्दै घाइतेहरूको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछु। हामीले आज उपभोग गरिरहेको लोकतान्त्रिक व्यवस्था, संविधान प्रदत्त अधिकार तथा स्थानीय स्वशासनको अभ्यास ती महान् त्याग, बलिदान र संघर्षहरूको प्रतिफल हो भन्ने यथार्थलाई आत्मसात गर्दै प्राप्त उपलब्धिहरूको संरक्षण, सुदृढीकरण र समृद्ध नेपालको राष्ट्रिय आकांक्षा पूरा गर्ने साझा दायित्वका साथ आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम सम्मानित सभासमक्ष प्रस्तुत गर्न पाउँदा गौरवको अनुभूति गरेको छु।

वि. सं. २०७२ साल असोज ३ गते नेपालको संविधान जारी भई सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था संस्थागत भएको एक दशक पूरा हुन भएको छ। संविधानले परिकल्पना गरेको सङ्घ, प्रदेश र स्थानीय तहबीचको समन्वय, सहकार्य र सहअस्तित्वको अभ्यास क्रमशः सुदृढ हुँदै गएको छ। सङ्घीय शासन प्रणाली अन्तर्गत सम्पन्न स्थानीय तहको दोस्रो निर्वाचनपश्चात् स्थानीय सरकारहरूले संविधानले प्रदान गरेका अधिकार र जिम्मेवारीलाई व्यवहारमा कार्यान्वयन गर्दै नागरिकको घरदैलोमै सेवा प्रवाह र विकासको अनुभूति गराउन महत्वपूर्ण भूमिका निर्वाह गरेका छन्। संविधानले प्रत्याभूत गरेका मौलिक हक, सामाजिक न्याय, समावेशी विकास, सुशासन तथा समृद्धिको लक्ष्य हासिल गर्ने दायित्व सङ्घ, प्रदेश र स्थानीय सरकार तीनै तहको साझा जिम्मेवारी हो। विगतका वर्षहरूमा विभिन्न राजनीतिक, आर्थिक तथा संरचनागत चुनौतीहरूका बीच पनि सङ्घीय

लोकतान्त्रिक व्यवस्थाले आफ्नो संस्थागत आधारलाई थप सुदृढ बनाउँदै आएको छ। हाल मुलुक राजनीतिक स्थायित्वतर्फ उन्मुख भइरहेको सन्दर्भमा अब हाम्रो प्राथमिकता राजनीतिक उपलब्धिको संरक्षण गर्दै आर्थिक समृद्धि, उत्पादन वृद्धि, रोजगारी सिर्जना, सामाजिक रूपान्तरण र नागरिकको जीवनस्तरमा गुणात्मक सुधार ल्याउने दिशामा केन्द्रित हुनुपर्दछ। लोकतान्त्रिक आन्दोलनहरूले स्थापित गरेका उपलब्धिहरूलाई जनजीवनको समृद्धिसँग जोड्नु नै आजको प्रमुख राष्ट्रिय आवश्यकता हो। त्यसैले अबको हाम्रो साझा सङ्कल्प भनेको राजनीतिक परिवर्तनका उपलब्धिलाई आर्थिक रूपान्तरण, सुशासन, सामाजिक न्याय र दिगो विकासमार्फत नागरिकको दैनिक जीवनमा अनुभूत गराउनेतर्फ केन्द्रित हुनु हो। यही विश्वासका साथ हामी समृद्ध, आत्मनिर्भर र अवसरयुक्त ठाकुरबाबा नगरपालिका निर्माणको यात्रामा अघि बढिरहेका छौं।

स्थानीय तहको दोस्रो निर्वाचनबाट जनताले हामीलाई प्रदान गर्नुभएको विश्वासको सम्मान गर्दै वि. सं. २०७९ साल जेठ ६ गते पदबहाली गरेपछि नगर सभा अधिवेशनबाट **"समुन्नत ठाकुरबाबाः सबल नगरवासी"** दूरदर्शी ध्येय निर्धारण गरेका थियौं। सबल नागरिक निर्माणका लागि सार्वजनिक शिक्षा र आधारभूत स्वास्थ्य सेवामा सर्वसुलभ पहुँच तथा गुणस्तर अभिवृद्धिलाई प्राथमिकतामा राख्यौं भने समुन्नत ठाकुरबाबाको आधारका रूपमा कृषि, पर्यटन, उद्यमशीलता र आर्थिक क्रियाकलापको विस्तारलाई केन्द्रमा राखेर नीति, कार्यक्रम र बजेट कार्यान्वयन गर्दै आएका छौं। हाम्रो कार्यकालको यो अन्तिम नीति तथा कार्यक्रम प्रस्तुत गर्दै गर्दा निर्धारित लक्ष्य, नीति र प्रतिबद्धताहरूको कार्यान्वयनमा अपेक्षाभन्दा उत्साहजनक उपलब्धि हासिल गर्न सफल भएको अनुभूति गर्न पाउँदा हामी गौरवान्वित छौं। स्थानीय सरकारका पाँच वटा प्रमुख विषय क्षेत्र र बीस वटा उपक्षेत्रमा नीतिगत सुधार, संस्थागत सुदृढीकरण, सेवा प्रवाहमा नवप्रवर्तन तथा विकास निर्माणका माध्यमबाट ठाकुरबाबा नगरपालिकालाई लुम्बिनी प्रदेश र देशमै उदाहरणीय स्थानीय सरकारका रूपमा स्थापित गर्ने आधार निर्माण गर्न सफल भएका छौं। यी उपलब्धिहरु कुनै व्यक्ति वा नेतृत्वको एकल प्रयासको परिणाम होइन, यो जनप्रतिनिधि, राष्ट्रसेवक कर्मचारी, शिक्षक, किसान, व्यवसायी, साझेदार संस्था, सञ्चार क्षेत्र र सम्पूर्ण नगरवासीको साझा योगदान, अथक परिश्रम र अटुट विश्वासको प्रतिफल हो। त्यसैले यस सफल यात्राका वास्तविक साझेदार सम्पूर्ण नगरवासीप्रति म उच्च सम्मान व्यक्त गर्दै हार्दिक आभार प्रकट गर्दछु। हामीले विकासका संरचना मात्र निर्माण गरेका छैनौं, नागरिकमा आशा, विश्वास र सम्भावनाको नयाँ आधार पनि निर्माण गरेका छौं। यही उपलब्धिलाई थप उचाइमा

पुर्याउँदै समृद्ध, सुशासित र आत्मनिर्भर ठाकुरबाबा निर्माणको यात्रालाई अझ दृढताका साथ अगाडि बढाउने प्रतिबद्धता व्यक्त गर्दछु।

संस्थागत तथा संरचनागत सुदृढीकरणसँगै ठाकुरबाबा नगरपालिकाले जिम्मेवारी, जवाफदेहिता, पारदर्शिता र सुशासनलाई कार्यसम्पादनको मूल आधारका रूपमा स्थापित गरेको छ। यस अवधिमा नगरपालिकाबाट सम्पादन हुने प्रत्येक कार्य विधिसम्मत, जनउत्तरदायी र परिणाममुखी हुनुपर्छ भन्ने संस्कारलाई संस्थागत गर्न सफल भएका छौं। यही आधारमा अबको हाम्रो प्रमुख गन्तव्य आर्थिक समृद्धि, गरिबी न्यूनीकरण, सामाजिक न्याय, सामाजिक समावेशीकरण, दिगो विकास तथा अवसर र आयको न्यायोचित वितरणमार्फत नागरिक जीवनस्तरमा गुणात्मक सुधार ल्याउनु रहेको छ। स्थानीय सरकारको हैसियतले नागरिकका आवश्यकता, अपेक्षा र प्राथमिकतालाई केन्द्रमा राख्दै उपलब्ध स्रोतसाधनको अधिकतम परिचालन तथा थप स्रोतको खोजी गरी इमान्दारिता, निष्ठा र प्रतिबद्धताका साथ विकास तथा सेवा प्रवाहका कार्यहरू सञ्चालन गरिरहेका छौं। फलस्वरूप शिक्षा, स्वास्थ्य, कृषि, पूर्वाधार, सामाजिक विकास तथा सुशासनका क्षेत्रमा उल्लेखनीय उपलब्धिहरु हासिल भएका छन्। हाम्रो कार्यकालको प्रारम्भिक चरणमा सुशासित र व्यवस्थित स्थानीय शासनका लागि आवश्यक ऐन, नियमावली, कार्यविधि तथा नीतिगत संरचनाको निर्माण, संशोधन र एकीकरणलाई प्राथमिकता दिएका थियौं। साथै तथ्यमा आधारित योजना निर्माण र स्रोत व्यवस्थापन गर्न नगर पार्श्वचित्र/सिटी प्रोफाइल, आवधिक योजना, मध्यमकालीन खर्च संरचना, राजस्व सुधार योजना र संगठन तथा व्यवस्थापन सर्वेक्षण लगायतका महत्वपूर्ण आधारभूत दस्तावेजहरू तयार गरी विकासको स्पष्ट मार्गचित्र निर्माण गरेका छौं। सामाजिक विकासलाई उच्च प्राथमिकतामा राख्दै शिक्षा, स्वास्थ्य र मानव विकासका क्षेत्रमा लगानी वृद्धि गरियो भने भौतिक पूर्वाधारतर्फ अघिल्लो कार्यकालबाट सिर्जित दायित्व व्यवस्थापनसँगै नयाँ आयोजना तथा कार्यक्रमहरूलाई पनि समानान्तर रूपमा अगाडि बढाइएको छ। सीमित स्रोत र असीमित आवश्यकताबीच सन्तुलन कायम गर्दै नेपाल सरकार तथा लुम्बिनी प्रदेश सरकारसँग प्रभावकारी समन्वय गरी थुप्रै रणनीतिक र दीर्घकालीन महत्वका आयोजनाहरू कार्यान्वयनको चरणमा पुर्याउन सफल भएका छौं। यद्यपि विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिस्थितिका कारण निर्माण सामग्री तथा इन्धनको मूल्यमा भएको अस्वभाविक वृद्धिले केही आयोजना तोकिएको समयभित्रै सम्पन्न हुन नसक्ने अवस्था सिर्जना भएको छ। तथापि नगरपालिकाले सम्बन्धित निकायहरूसँग आवश्यक समन्वय गर्दै बाँकी रहेका आयोजनाहरूलाई

निर्धारित गुणस्तर कायम गरी यथाशीघ्र सम्पन्न गर्ने दृढ प्रतिबद्धतासहित कार्य गरिरहेको व्यहोरा सम्मानित सभासमक्ष अवगत गराउन चाहन्छु।

अब म हाम्रो कार्यकालमा सम्पन्न भएका केही महत्वपूर्ण कार्य तथा हासिल भएका महत्वपूर्ण उपलब्धिहरू संक्षेपमा प्रस्तुत गर्न चाहन्छु।

हामी सबैलाई अवगत नै छ कि ठाकुरबाबा नगरपालिका भौगोलिक दृष्टिले सुगम भए पनि मानव विकासका विभिन्न सूचकाङ्कमा पछाडि रहेको स्थानीय तह हो। कार्यकालको प्रारम्भमै तयार गरिएको नगर पार्श्वचित्रले नगरका करिब एक तिहाई घरधुरी विपन्नताको अवस्था रहेको यथार्थ प्रस्तुत गरेको थियो। यही तथ्यलाई आधार मानी हामीले सामाजिक विकास विशेष गरी शिक्षा र स्वास्थ्य क्षेत्रलाई उच्च प्राथमिकतामा राखी लगानी केन्द्रित गर्यौं। हाम्रो दृढ विश्वास थियो र आज पनि छ "शिक्षा नै विकासको मूल आधार हो" र शिक्षित नागरिकबिना समुन्नत समाजको निर्माण सम्भव हुँदैन। यही सोचका साथ ठाकुरबाबा नगरपालिकाले कक्षा १२ सम्म निःशुल्क शिक्षालाई पूर्ण रूपमा कार्यान्वयन गर्दै प्रत्येक बालबालिकाको शिक्षामा पहुँच सुनिश्चित गरेको छ। शिक्षाको गुणस्तर अभिवृद्धिका लागि शिक्षक दरबन्दी मिलान तथा पदपूर्ति, शिक्षक बैङ्क स्थापना, न्यून विद्यार्थी सङ्ख्या भएका विद्यालयहरू मर्ज तथा समायोजन, विद्यालयहरूको भौतिक पूर्वाधार सुदृढीकरण, सुरक्षित खानेपानीको व्यवस्था, प्रविधिमैत्री शिक्षण सिकाइका लागि आवश्यक सामग्री उपलब्ध गराउने कार्यलाई प्राथमिकताका साथ अघि बढाइएको छ। बढ्दो तापक्रम र जलवायु परिवर्तनको प्रभावलाई मध्यनजर गर्दै जीर्ण टिनका छाना प्रतिस्थापन, फल्स सिलिङ्ग निर्माण तथा विद्यालय भवनलाई ऊर्जा प्रभावकारी बनाउने अभियान सञ्चालन गरिएको छ। साथै विद्यार्थीहरूको सर्वाङ्गीण विकासका लागि सबै विद्यालयमा इनडोर तथा आउटडोर खेल सामग्री उपलब्ध गराइएको छ। कक्षाकोठा व्यवस्थापन, सिकाइ वातावरण र शिक्षण पद्धतिमा गरिएको सुधारका कारण सामुदायिक विद्यालयप्रतिको आकर्षण र विश्वास उल्लेखनीय रूपमा बढेको छ। परिणामस्वरूप एक समय २० प्रतिशतभन्दा कम रहेको शैक्षिक उपलब्धिको दर हाल ८० प्रतिशतभन्दा माथि पुगेको छ, जुन हाम्रो शिक्षा सुधार अभियानको महत्वपूर्ण उपलब्धि हो भने विद्यालय उमेर समूहका कोही पनि बालबालिका विद्यालय बाहिर नरहेको सुनिश्चित गरिएको छ। शिक्षा क्षेत्रमा गरिएको निरन्तर सुधार, लगानी र नवप्रवर्तनका कारण हाम्रो कार्यकालको दोस्रो वर्षमै शिक्षा पत्रकार समूह नेपाल तथा प्रिन्सिपल्स एसोसिएसन नेपालबाट उत्कृष्ट स्थानीय तहका रूपमा सम्मानित हुन सफल भएका थियौं।

यसैगरी विद्यार्थीहरूको भविष्य निर्माण, वृत्ति विकास, मनोसामाजिक परामर्श तथा जीवनोपयोगी मार्गदर्शनलाई संस्थागत गर्न नेपालमै पहिलो पटक स्थानीय तहस्तरीय "वृत्ति मार्गनिर्देशन सेवा एकाई" स्थापना गरी सञ्चालनमा ल्याउने अग्रणी पालिकाको रूपमा ठाकुरबाबाले आफ्नो विशिष्ट पहिचान स्थापित गरेको छ। यस एकाईमार्फत विद्यार्थी, अभिभावक तथा शिक्षकलाई आवश्यक परामर्श, वृत्ति मार्गदर्शन र मनोसामाजिक सहयोग प्रदान गर्ने कार्य प्रारम्भ गरिएको छ, जसले शिक्षालाई केवल प्रमाणपत्र प्राप्त गर्ने माध्यम नभई जीवन निर्माणको आधार बनाउने हाम्रो अभियानलाई थप मजबुत बनाएको छ। यी उपलब्धिहरूले ठाकुरबाबालाई शिक्षा क्षेत्रमा नमूना र सिक्नयोग्य स्थानीय सरकारका रूपमा स्थापित गरेका छन् भन्ने विश्वास लिएको छु।

स्वास्थ्य सेवामा आम नागरिकको सहज, सुलभ र गुणस्तरीय पहुँच सुनिश्चित गर्नु हाम्रो कार्यकालको प्रमुख प्राथमिकता रह्यो। यही उद्देश्यका साथ निर्वाचित भएकै वर्ष नगरपालिकाको स्थापना दिवसको अवसर पारेर नगर अस्पतालबाट २४ सै घण्टा स्वास्थ्य सेवा सञ्चालनको शुभारम्भ गरेका थियौं जसले आज निरन्तरता पाउँदै नगरवासीको विश्वास जित्न सफल भएको छ। आधारभूत स्वास्थ्य सेवालाई थप प्रभावकारी, गुणस्तरीय र नागरिकमैत्री बनाउन विशेषज्ञ स्वास्थ्य सेवाको पहुँच विस्तार गरिएको छ। हाल ठाकुरबाबा आधारभूत नगर अस्पतालमा दुई जना विशेषज्ञ स्वास्थ्यकर्मीमार्फत सेवा प्रवाह भइरहेको छ भने स्वास्थ्य बीमा कार्यक्रमको प्रवर्द्धन, निःशुल्क रेबिज खोप, भेन्टिलेटर सुविधासहितको सर्पदंश उपचार सेवा तथा सहुलियतपूर्ण फार्मेसी सेवा सञ्चालन गरी नागरिकको आधारभूत स्वास्थ्य उपचारमा आर्थिक भार कम गर्ने प्रयास गरिएको छ। स्वास्थ्य पूर्वाधार सुदृढीकरणतर्फ हालै सञ्चालनमा आएको १५ शैय्याको सुविधा सम्पन्न अस्पताल भवनबाट थप विशेषज्ञ तथा गुणस्तरीय स्वास्थ्य सेवा विस्तार गरिएको छ। यसले नगरवासीलाई उपचारका लागि टाढा जानुपर्ने बाध्यता क्रमशः घटाउँदै स्थानीय स्तरमै प्रभावकारी स्वास्थ्य सेवा उपलब्ध गराउने आधार तयार गरेको छ। **"स्वास्थ्य सेवा नागरिकको घरदैलोमा"** भन्ने अवधारणालाई व्यवहारमा उतार्दै नगरका सबै वडासम्म स्वास्थ्य सेवाको पहुँच विस्तार गरिएको छ। पूर्णखोप सुनिश्चित पालिकाको अवस्थालाई निरन्तरता दिन सफल भएका छौं। शत प्रतिशत संस्थागत सुत्केरीको सुनिश्चितता गरी मातृ मृत्युदर शून्य कायम गरिएको छ। नागरिकको स्वास्थ्य सुरक्षालाई सुदृढ बनाउन आधाभन्दा बढी घरधुरीलाई स्वास्थ्य बीमा कार्यक्रममा आबद्ध गराइएको छ। हाल सबै स्वास्थ्य संस्थाहरूले आफ्नै सुविधा सम्पन्न भवनबाट नियमित सेवा प्रदान गरिरहेका छन् जसले स्वास्थ्य सेवाको स्थायित्व र गुणस्तर अभिवृद्धिमा महत्वपूर्ण योगदान पुर्‍याएको छ। स्वास्थ्य सेवा

प्रवाहलाई दिगो, व्यवस्थित र उत्तरदायी बनाउन नेपालमै पहिलो पटक स्वास्थ्य संस्थाहरूमा “मर्मत सम्भार कोष” स्थापना गरी कार्यान्वयनमा ल्याइएको छ। यस नवप्रवर्तनकारी अभ्यासले स्वास्थ्य संस्थाहरूको नियमित मर्मत, उपकरण व्यवस्थापन तथा सेवा निरन्तरतामा महत्वपूर्ण योगदान पुर्याउँदै स्वास्थ्य सेवालाई नियमित, प्रभावकारी र भरपर्दो बनाएको छ। हामीले स्वास्थ्य क्षेत्रमा अवलम्बन गरेका नवप्रवर्तनात्मक अभ्यास, सेवा व्यवस्थापनका मोडल तथा समुदायमुखी पहलहरू राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा समेत सकारात्मक रूपमा ग्रहण गरिएका छन्। विशेषतः विश्व स्वास्थ्य संगठन (WHO) ले हाम्रो अनुभव र अभ्यासलाई सन्दर्भ सामग्रीका रूपमा समावेश गरेको विषय ठाकुरबाबा नगरपालिकाका लागि मात्र नभई सम्पूर्ण नगरवासीका लागि समेत गर्वको विषय बनेको छ। यी उपलब्धिहरूले स्वास्थ्य सेवामा पहुँच, गुणस्तर, विश्वास र दिगोपनालाई सुदृढ गर्दै **“स्वस्थ नागरिकः समृद्ध ठाकुरबाबा”** निर्माणको हाम्रो अभियानलाई थप मजबुत बनाएको छ।

ठाकुरबाबा नगरपालिकाको दीर्घकालीन समुन्नति, रोजगारी सिर्जना तथा आन्तरिक आय अभिवृद्धिको प्रमुख आधार कृषि, पर्यटन, व्यापार तथा उद्यमशीलताको विकास र विस्तार नै हो भन्ने स्पष्ट दृष्टिकोणका साथ हामीले यस क्षेत्रमा केन्द्रित नीति तथा कार्यक्रमहरू कार्यान्वयन गर्दै आएका छौं। सार्वजनिक, निजी, सहकारी तथा विकास साझेदार संस्थाहरूसँगको सहकार्यलाई सुदृढ गर्दै उत्पादन, प्रशोधन, बजारीकरण र उद्यम विकासलाई एकीकृत रूपमा अगाडि बढाइएको छ। कृषि क्षेत्रलाई आत्मनिर्भर, व्यावसायिक र प्रतिस्पर्धी बनाउन कृषकको पहुँचमा सेवा पुऱ्याउने उद्देश्यले सेवा विस्तारलाई प्राथमिकता दिइएको छ। यस क्रममा प्रत्येक वडाका कृषकलाई सहज रूपमा प्राविधिक सेवा उपलब्ध गराउन चार वटा कृषि तथा पशु सेवा केन्द्रमार्फत सेवा प्रवाहको व्यवस्था गरिएको छ। यसले कृषि प्रविधि विस्तार, उत्पादन वृद्धि तथा कृषकको क्षमता अभिवृद्धिमा महत्वपूर्ण योगदान पुऱ्याएको छ। पशुपालन क्षेत्रको उत्पादकत्व वृद्धि र व्यवसायीकरणका लागि गाई तथा भैंसीमा कृत्रिम गर्भाधान कार्यक्रम सञ्चालन गरी उन्नत नश्ल विकासलाई प्रोत्साहन गरिएको छ। पशु स्वास्थ्य तथा जनस्वास्थ्य संरक्षणका लागि सामुदायिक कुकुरहरूमा रेबिज विरुद्धको खोप अभियान सञ्चालन गरी रेबिज नियन्त्रणमा प्रभावकारी पहल गरिएको छ।

कृषि तथा पशुपालनलाई निर्वाहमुखी अवस्थाबाट व्यावसायिक उत्पादन प्रणालीतर्फ रूपान्तरण गर्न उत्पादनसँगै बजारीकरणलाई विशेष प्राथमिकता दिइएको छ। यसका लागि खसीबोका सङ्कलन तथा बिक्री वितरण कार्यक्रम सञ्चालन गरी स्थानीय उत्पादनलाई बजारसँग जोड्ने कार्य प्रारम्भ गरिएको छ। साथै नवप्रवर्तनमा आधारित कार्यक्रममार्फत बंगुर पालन व्यवसायलाई थप व्यवस्थित

र व्यावसायिक बनाउने उद्देश्यले बंगुरको मासु प्रशोधन, प्याकेजिङ्ग तथा बाह्य बजारसम्म आपूर्ति गर्न चिस्यानयुक्त ढुवानी साधनको व्यवस्था गरिएको छ। यस पहलले कृषि उपजको मूल्य श्रृङ्खला, बजार विस्तार तथा कृषकको आम्दानी वृद्धिमा महत्वपूर्ण योगदान पुऱ्याउने विश्वास लिइएको छ। हामीले कृषि क्षेत्रलाई केवल उत्पादनको विषयका रूपमा होइन, रोजगारी, उद्यमशीलता, खाद्य सुरक्षा र आर्थिक समृद्धिको आधार स्तम्भका रूपमा ग्रहण गरेका छौं। यही सोचका साथ कृषि उत्पादनदेखि प्रशोधन र बजारीकरणसम्मको सम्पूर्ण मूल्य शृङ्खलालाई सुदृढ गर्दै **"समृद्ध किसानः आत्मनिर्भर ठाकुरबाबा"** निर्माणको अभियानलाई निरन्तर रुपमा अगाडि बढाएका छौं।

पर्यटन क्षेत्र ठाकुरबाबा नगरपालिकाको आर्थिक समृद्धि, रोजगारी सिर्जना तथा आन्तरिक आय अभिवृद्धिको आधारको रूपमा रहेको छ। प्राकृतिक, धार्मिक, सांस्कृतिक तथा ऐतिहासिक सम्पदाको संरक्षण, प्रवर्द्धन र दिगो उपयोगमार्फत पर्यटनलाई स्थानीय आर्थिक विकासको मुख्य संवाहक क्षेत्रका रूपमा विकास गर्ने नीति अनुरूप विभिन्न कार्यक्रमहरू कार्यान्वयन गरिएका छन्। विश्वमै परिचित बर्दिया राष्ट्रिय निकुञ्जको प्रचारप्रसार तथा नगरभित्र रहेका ऐतिहासिक, धार्मिक र पुरातात्विक महत्वका मठमन्दिरहरूको संरक्षण, संवर्द्धन र प्रवर्द्धनलाई प्राथमिकतामा राखिएको छ। साथै स्थानीय भाषा, कला, साहित्य, संस्कृति तथा मौलिक पहिचानको संरक्षण र प्रवर्द्धनमार्फत पर्यटन विकासलाई स्थानीय सभ्यता र संस्कृतिसँग आबद्ध गर्दै लैजाने प्रयास गरिएको छ। पर्यटन पूर्वाधारलाई व्यवस्थित र दिगो बनाउन सडक, पर्यटकीय स्थल, सार्वजनिक संरचना तथा अन्य आवश्यक पूर्वाधारहरूको क्रमिक निर्माण, स्तरोन्नति तथा विस्तारका कार्यहरू अगाडि बढाइएका छन्। यसका साथै स्वच्छ, सुन्दर र वातावरणमैत्री नगर निर्माणलाई पर्यटन विकासको आधार मान्दै फोहोर व्यवस्थापनलाई प्राथमिकताका साथ अगाडि बढाइएको छ। फोहोरमैला सङ्कलन तथा प्रशोधन केन्द्र निर्माणको कार्य अन्तिम चरणमा पुगेको छ जसले वातावरण संरक्षणसँगै दिगो पर्यटन प्रवर्द्धनमा महत्वपूर्ण योगदान पुर्याउने अपेक्षा गरिएको छ। रासायनिक मलको प्रयोग न्यूनीकरण गर्दै जैविक कृषि उत्पादनमा जोड दिने उद्देश्यले प्राङ्गारिक मल उत्पादन तथा प्रशोधन केन्द्र स्थापना गर्ने कार्यलाई समेत प्राथमिकताका साथ अगाडि बढाइएको छ, जुन यसै आर्थिक वर्षभित्र सम्पन्न हुने चरणमा रहेको छ। हामीले पर्यटनलाई केवल भ्रमण र मनोरञ्जनको क्षेत्रका रूपमा नभई स्थानीय उत्पादन, कृषि, संस्कृति, उद्यमशीलता र रोजगारीसँग जोडिएको समग्र आर्थिक रूपान्तरणको माध्यमका रूपमा लिएका छौं। यही दृष्टिकोणका साथ **"पर्यटनमैत्री तथा जैविक ठाकुरबाबा नगरपालिका"** को आधार निर्माणको अभियानलाई थप सशक्त बनाउँदै अगाडि बढिरहेका छौं।

ठाकुरबाबा नगरपालिका चारैतिरबाट बर्दिया राष्ट्रिय निकुञ्ज र सामुदायिक वनबाट घेरिएको हुनाले मानव-वन्यजन्तु द्वन्द्व सबैभन्दा ठूलो समस्या रहेको छ। यो समस्या समाधानका लागि नगरपालिकाबाट हालसम्म करिव १९ करोड भन्दा बढी लागतमा मानव-वन्यजन्तु द्वन्द्व न्यूनीकरणका लागि गौरवको आयोजनाको रुपमा पक्कि हात्ती छेकबार निर्माण गरिएको छ भने बबई सिँचाइ आयोजनाको समन्वयमा हात्ती छेकबार र सिँचाइ दुवै हुने गरी करिव २ किलोमिटर लामो संरचना बनेसँगै वडा नं. ४, ७ र ८ को बर्दिया राष्ट्रिय निकुञ्जसँग जोडिएको क्षेत्रमा पर्खाल निर्माण पुरा भएको छ। राष्ट्रिय योजना आयोगसँगको विशेष पहलमा सात करोडको बजेट सुनिश्चितता सहित समपूरण गर्ने गरी आ. व. २०८३।०८४ मा एक करोड उनानब्बे लाख बजेट प्राप्त भएको छ, जसबाट वडा नं. १, २ र ६ मा पर्खाल निर्माण कार्यले पूर्णता पाउनेछ। साथै वन्यजन्तुबाट हुने क्षतिमा राहत वितरण गर्न राहत कोषको व्यवस्था, साझेदार सङ्घसंस्थाको समेत सहयोगमा बाली तथा पशु बीमा, घरको बिमा, सुधारिएको खोर निर्माण जस्ता कार्यक्रमहरू सञ्चालन गरिएको छ। हालसम्म ९५६ वटा सुधारिएको खोर निर्माण र ५१४२ पशुहरुको बिमा गरिएको छ। मानव वन्यजन्तु द्वन्द्व न्यूनीकरण नगरपालिकाले मात्र गर्न सक्ने विषय नभएको हुँदा यसको लागि आवश्यक नीतिगत सुधार, संरचनागत व्यवस्था तथा विशेष कार्यक्रम सञ्चालन गर्नका लागि सङ्घीय सरकार, प्रदेश सरकार तथा अन्य सम्पूर्ण सरोकारवाला निकायहरुसँग छलफल, पत्राचार तथा समन्वय गरिएको छ। हाम्रो कार्यकालमा १५ जना अपाङ्ग नागरिक, १३ जना बाढीपीडित र ७५ वटा उर्जा प्रभाकारी आवाससहित २४४ जना र हालसम्म ५९९ जना नागरिकहरुले नगरपालिकाको अनुदानमा सुरक्षित आवास निर्माण गरेका छन्।

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण, सामाजिक न्याय तथा नागरिकमैत्री न्याय सम्पादनलाई प्राथमिकतामा राख्दै मानव विकास सूचकाङ्कमा सुधार ल्याउने उद्देश्यका साथ विभिन्न कार्यक्रमहरू प्रभावकारी रूपमा कार्यान्वयन गरिएका छन्। बालविवाह न्यूनीकरणमा समेत उत्साहजनक प्रगति हासिल भएको छ। स्थानीय सरकार नागरिकको सबैभन्दा नजिकको सरकार हो भन्ने मान्यतालाई व्यवहारमा उतार्दै अशक्त, अपाङ्गता भएका व्यक्ति तथा ज्येष्ठ नागरिकलाई सामाजिक सुरक्षा भत्ता वडास्तरबाटै वितरण गर्ने व्यवस्था मिलाइएको छ। साथै ज्येष्ठ नागरिकहरूको सम्मानजनक जीवनयापन र स्वास्थ्य सुरक्षाका लागि घरदैलोमै स्वास्थ्य परीक्षण तथा औषधि उपचार सेवा उपलब्ध गराउने व्यवस्था गरिएको छ। यी उपलब्धिहरूले सामाजिक सुरक्षा, मानव विकास,

समावेशीकरण तथा नागरिक कल्याणका क्षेत्रमा ठाकुरबाबा नगरपालिकाले हासिल गरेको सकारात्मक परिवर्तनलाई स्पष्ट रूपमा प्रतिबिम्बित गरेका छन्।

सुशासन, पारदर्शिता, जवाफदेहिता र वित्तीय अनुशासनलाई स्थानीय शासनको मूल आधारका रूपमा स्थापित गर्ने हाम्रो प्रतिबद्धता अनुरूप भ्रष्टाचारविरुद्ध शून्य सहनशीलताको नीति अवलम्बन गर्दै आएका छौं। संस्थागत सुशासन सुदृढीकरणका लागि नगरपालिका तथा वडा कार्यालयहरूको नियमित आन्तरिक लेखापरीक्षण, अनुगमन तथा वित्तीय नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाइएको छ। राजस्व प्रशासनलाई थप व्यवस्थित, पारदर्शी र उत्तरदायी बनाउँदै राजस्व सङ्कलनमा देखिएका त्रुटि तथा कमजोरीहरूलाई कानुन बमोजिम सच्याउने कार्यलाई निरन्तरता दिइएको छ। परिणामस्वरूप आ. व. २०८१।०८२ को महालेखा परीक्षकको अन्तिम लेखापरीक्षण प्रतिवेदनमा असुल उपर गर्नुपर्ने बेरुजु शून्य कायम गर्न सफल भएका छौं, जुन वित्तीय सुशासन, उत्तरदायी प्रशासन र सार्वजनिक स्रोतको प्रभावकारी व्यवस्थापनतर्फको महत्वपूर्ण उपलब्धि हो। सेवा प्रवाहलाई सरल, सहज, छिटोछरितो तथा नागरिकमैत्री बनाउन एकद्वार सेवा प्रणाली लागू गरिएको छ जसबाट सेवाग्राहीले एउटै स्थानबाट प्रभावकारी सेवा प्राप्त गर्ने वातावरण सिर्जना भएको छ। साथै सूचना प्रविधिको प्रयोग, संस्थागत क्षमता विकास तथा सेवा व्यवस्थापनमा गरिएका सुधारहरूले स्थानीय शासनलाई थप प्रभावकारी, पारदर्शी र परिणाममुखी बनाउन महत्वपूर्ण योगदान पुर्‍याएका छन्।

ठाकुरबाबा नगरपालिकाले संस्थागत विकास, सेवा प्रवाह तथा वित्तीय सुशासनका क्षेत्रमा गरेका कार्यहरु विभिन्न सूचकहरुको आधारमा मूल्याङ्कन गरी नेपाल नगरपालिका संघले वि. सं. २०८१ सालमा देशकै उत्कृष्ट नगरपालिकाको रुपमा सम्मानित गरेको थियो। यो उपलब्धि जनप्रतिनिधि, राष्ट्रसेवक कर्मचारी तथा सम्पूर्ण नगरवासीको साझा प्रतिबद्धता र मेहनतको प्रतिफल हो भन्ने विश्वास लिएको छु।

भूमि व्यवस्थापन तथा व्यवस्थित बस्ती विकासलाई दिगो विकासको महत्वपूर्ण आधारका रूपमा ग्रहण गर्दै नगरपालिकाले जग्गा वर्गीकरणको कार्य सफलतापूर्वक सम्पन्न गरेको छ। यसले भूउपयोग व्यवस्थापन, योजनाबद्ध विकास तथा प्राकृतिक स्रोतसाधनको दिगो उपयोगका लागि महत्वपूर्ण आधार तयार गरेको छ। यद्यपि भूमिहीन सुकुम्बासी, भूमिहीन दलित तथा अव्यवस्थित बसोबासीहरूको व्यवस्थापन, कृषियोग्य भूमिको संरक्षण तथा सार्वजनिक खुला क्षेत्रहरूको संरक्षण र विस्तार जस्ता विषयहरू भूमि व्यवस्थापनका प्रमुख चुनौतीका रूपमा रहेका छन्। यी चुनौतीहरूको दीर्घकालीन समाधान तथा व्यवस्थित, सुरक्षित र दिगो नगर विकासका लागि तयार गरिएको भूउपयोग

योजनाको प्रभावकारी कार्यान्वयनमा सबै सरोकारवालाको सहयोग, समन्वय र सहकार्य आवश्यक रहेको छ। नेपालको संविधानले प्रत्याभूत गरेका मौलिक हक, नागरिक अधिकार तथा राज्यबाट प्रवाह हुने सेवा सुविधालाई प्रत्येक नगरवासीसम्म प्रभावकारी रूपमा पु¥याउनु स्थानीय सरकारको प्रमुख दायित्व हो भन्ने मान्यताका साथ हामीले कार्य गर्दै आएका छौं। यस क्रममा तथ्य, तर्क, कानुन र न्यायका आधारमा नागरिकका जायज माग तथा सरोकारहरूको सम्बोधन गर्ने परिपाटीलाई संस्थागत गर्दै सुशासन, उत्तरदायित्व तथा जवाफदेहितालाई थप सुदृढ बनाइएको छ। साथै सहभागितामूलक योजना तर्जुमा प्रणाली अवलम्बन गर्दै वडा, शाखा तथा विषयगत समितिहरूलाई विकास योजना निर्माण, प्राथमिकता निर्धारण तथा निर्णय प्रक्रियामा थप सक्रिय, जिम्मेवार र उत्तरदायी बनाउने अभ्यासलाई संस्थागत गरिएको छ। यसले स्थानीय लोकतन्त्रलाई सुदृढ गर्दै विकास प्रक्रियामा नागरिक सहभागिता र स्वामित्व अभिवृद्धि गर्न महत्वपूर्ण योगदान पुर्याएको छ।

वर्तमान युग सूचना प्रविधिको युग हो। सूचना प्रविधिको सही प्रयोगबाट मात्र वास्तविक र उल्लेखनीय प्रगति हासिल गर्न सकिन्छ। त्यसैले अबको विकास सूचना र तथ्याङ्कको विश्लेषण र अनुसन्धानमा आधारित हुनुपर्छ। यसैले नगरपालिकाको भूगोल, जनसङ्ख्या, प्राकृतिक स्रोतसाधन, संस्कृति, क्षमता तथा सम्भावनाहरुको तथ्यगत विवरण तयार गरी नियमित रुपमा अद्यावधिक गर्नतर्फ हाम्रा नीति र कार्यक्रम केन्द्रित हुनेछन्। विकास र सेवा प्रवाहलाई सहजीकरण गर्ने गरी अपूर्ण नीति र कानुनलाई पूर्णता दिँदै तथा आवश्यकतानुसार नयाँ नीति र कानुन निर्माण गर्दै आएका छौं। नगरपालिकाका संस्थागत संरचनालाई सक्षम, यथार्यपरक र कार्यमूलक बनाउनका लागि संरचनाहरुको सुदृढीकरण र कर्मचारी तथा जनप्रतिनिधिको क्षमता अभिवृद्धि गरी अन्य क्षेत्रमा योग्य विशेषज्ञ र दक्ष जनशक्ति विकास एवं परिचालन गर्न बृहत जनशक्ति योजना तर्जुमाको आवश्यकता रहेको छ। नगरपालिकाभित्र उपलब्ध तर प्रयोगविहीन र कम प्रयोग भएका स्रोतसाधनलाई कुशलतापूर्वक परिचालन गर्नेतर्फ अबका योजना अगाडि बढनेछन्।

सङ्घीय तथा प्रदेश सरकारबाट प्राप्त हुने वित्तीय हस्तान्तरण र अनुदानमा क्रमशः सङ्कुचन आउँदै गएको वर्तमान परिस्थितिमा नगरपालिकाको आर्थिक आत्मनिर्भरता, आन्तरिक आय अभिवृद्धि तथा दिगो वित्तीय आधार निर्माणलाई प्राथमिकतामा राख्दै रणनीतिक महत्वका आयमूलक तथा उत्पादनमूलक आयोजनाहरू कार्यान्वयनमा ल्याइएको छ। स्थानीय सरकार दीर्घकालीन रूपमा आत्मनिर्भर र आर्थिक रूपमा सबल हुनुपर्छ भन्ने मान्यतालाई आत्मसात गर्दै आन्तरिक स्रोतको विस्तार र प्रभावकारी परिचालनतर्फ नगरपालिकाले विशेष ध्यान केन्द्रित गरेको छ। यसै सन्दर्भमा

कोरियाली अन्तर्राष्ट्रिय सहयोग नियोग (KOICA) मार्फत बर्दियामा सञ्चालित **"समावेशी ग्रामीण विकास परियोजना"** को प्रभावकारी कार्यान्वयनका लागि आवश्यक समन्वय र सहकार्यलाई प्राथमिकता दिइएको छ। कृषि उत्पादन, मूल्य श्रृङ्खला, बजार विस्तार तथा कृषिमा आधारित उद्यम विकासमार्फत यस परियोजनाले नगरपालिकाको आर्थिक समृद्धि तथा रोजगारी सिर्जनामा महत्वपूर्ण योगदान पुर्याउने विश्वास लिइएको छ। त्यसैगरी लुम्बिनी प्रदेश सरकारको गौरवको आयोजनाका रूपमा रहेको "बारबर्दिया-९ कतर्निया चोकदेखि धधवार गुलरा धामपुर शक्तिनगर जमुनिया जोधिपुर खैलार घाट, बगनाहा ठाकुरबाबा सडक" आयोजनाका लागि आगामी आर्थिक वर्षमा समेत उल्लेखनीय बजेट विनियोजन भएको छ। गोदाना र सुखाड जोड्ने पुल निर्माणका लागि ठेक्का आह्वान गर्ने क्रममा रहेको तथा खैलार घाटमा पुल निर्माणका लागि आवश्यक पहल अगाडि बढिरहेको सन्दर्भमा यस क्षेत्रको पहुँच, आर्थिक गतिविधि तथा पर्यटन विकासमा महत्वपूर्ण टेवा पुग्ने अपेक्षा गरिएको छ। भुरीगाउँ बजार क्षेत्रमा चार लेनको सडक निर्माण भई बजार क्षेत्र थप सुन्दर र आर्थिक क्षेत्रमा चलायमान हुने अपेक्षा गरिएको छ। यसैगरी संयुक्त राष्ट्रसङ्घीय खाद्य तथा कृषि सङ्गठन (FAO) को "जलवायु अनुकूलन परियोजना" ठाकुरबाबा नगरपालिकामा पनि कार्यान्वयन हुने चरणमा रहेको छ। यस परियोजनाका लागि आवश्यक जग्गा व्यवस्थापनको प्रक्रिया अन्तिम चरणमा पुगेको छ। उपभोग प्राप्त हुने जग्गामा बहुउद्देश्यीय जलाशय, पर्यटकीय पूर्वाधार तथा जलस्रोत व्यवस्थापनसम्बन्धी संरचना निर्माण गर्ने योजना रहेको छ। विशेष गरी वडा नं. ६, ७, ८ र ९ मा प्रत्येक वर्ष दोहोरिने वर्षायामको डुबान तथा हिउँदमा सिँचाइका लागि पानी अभावको समस्यालाई दीर्घकालीन रूपमा समाधान गर्न दुई वटा ठूला ड्यामसहितको जलाशय निर्माणको अवधारणा अघि सारिएको छ। यस आयोजनाले बाढी नियन्त्रण, मानव-वन्यजन्तु द्वन्द्व न्यूनीकरण, कृषि उत्पादन वृद्धि, जलस्रोत संरक्षण, मत्स्यपालन, पर्यटन प्रवर्द्धन तथा बहुउपयोगी आर्थिक गतिविधिमार्फत नगरपालिकाको आन्तरिक आयमा गुणात्मक वृद्धि गर्ने अपेक्षा गरिएको छ।

**"आत्मनिर्भर, उत्पादनशील र आर्थिक रूपमा सबल ठाकुरबाबा"** निर्माणका लागि कृषि, पर्यटन, जलस्रोत तथा स्थानीय सम्भावनामा आधारित यस्ता रणनीतिक आयोजनाहरूलाई आगामी दिनमा पनि उच्च प्राथमिकताका साथ अगाडि बढाइनेछ। उल्लेखित प्राथमिकता र सम्भाव्यतामा आधारित रहेर नगरपालिकाको आगामी आर्थिक वर्ष २०८३।०८४ को नीति तथा कार्यक्रम तयार गरिएको छ।

नगर सभाका सदस्यज्यूहरु,

आगामी आर्थिक वर्ष २०८३।०८४ को नीति तथा कार्यक्रम निर्माण गर्दा निम्न कानुनी व्यवस्था तथा  विषयहरुलाई प्रमुख आधारको रुपमा लिइएको छ।

(क) नेपालको संविधान

(ख) स्थानीय सरकार सञ्चालन ऐन, २०७४

(ग) दीगो विकासका लक्ष्य (सन् २०१६-२०३०)

(घ) अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४

(ङ) आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६

(च) सङ्घ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७

(छ) नेपाल सरकारको सोह्रौं आवधिक योजना (आ. व. २०८१।०८२-२०८५।०८६)

(ज) लुम्बिनी प्रदेश सरकारको दोस्रो आवधिक योजना (आ. व. २०८१।०८२-२०८५।०८६)

(झ) नेपाल सरकारको आ. व. २०८३।०८४ को नीति तथा कार्यक्रम

(ञ) लुम्बिनी प्रदेश सरकारको आ. व. २०८३।०८४ को नीति तथा कार्यक्रम

(ट) स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८

(ठ) नगरपालिकाका विभिन्न ऐन, नियमावली, निर्देशिका, कार्यविधि तथा मापदण्ड

(ड) नगरपालिकको पहिलो आवधिक योजना (आ. व. २०८०।८१-२०८४।०८५)

(ढ) नीति, कार्यक्रम तथा बजेट निर्माणका क्रममा सरोकारवालाहरुबाट प्राप्त राय सुझावहरु।

आन्तरिक सुशासन र सबल प्रशासनको विकासबाट हामीले अख्तियार गरेको नीति तथा कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयन हुने भएकाले यो नीति तथा कार्यक्रम त्यसतर्फ नै निर्देशित रहेको छ। शिक्षा, स्वास्थ्य, रोजगारी, कृषि, पशु विकास, उद्यमशीलता, सामाजिक विकास, युवा तथा खेलकुद, भौतिक पूर्वाधार विकास, खानेपानी तथा सरसफाई, वातावरण संरक्षण तथा विपद् व्यवस्थापन, न्याय निरुपण जस्ता विषयगत क्षेत्रहरुलाई प्राथमिकता दिई नीति तथा कार्यक्रम प्रस्ताव गरिएको छ।

नगर सभाका सदस्यज्यूहरु, अब म आर्थिक वर्ष २०८३।०८४ को वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्दछु।

## १. आर्थिक विकास नीतिः

### १.१ कृषि तथा पशुपन्छी विकास सम्बन्धी नीतिः

(क) कृषि, पशुपालन, पर्यटन र साना उद्यमलाई आर्थिक समृद्धिको आधारका रूपमा विकास गरिनेछ। युवालाई स्वरोजगारतर्फ आकर्षित गर्न विशेष कार्यक्रम सञ्चालन गरिनेछ।

(ख) युवा स्वरोजगार तथा व्यवसायिक सीपमूलक तालिम सञ्चालन गरिनेछ।

(ग) स्थानीय उत्पादनको बजारीकरणका लागि कृषि तथा औद्योगिक मेला आयोजना गरिनेछ।

(घ) व्यावसायीक कृषि उत्पादनलाई प्रोत्साहन गर्न प्रतिफलमा आधारित अनुदान उपलब्ध गराइनेछ।

(ङ) नगरपालिकामा उत्पादन हुने रैथाने बालीको संरक्षण तथा प्रवर्द्धनात्मक कार्यक्रम र रैथाने बालीको अभिलेख तयार गरी **प्याटेन्ट राइट (ठाकुरबाबा कृषि ब्रान्ड)** लिने कार्यलाई अगाडि बढाइनेछ।

(च) कृषि तथा पशुको पार्श्वचित्र/प्रोफाइल निर्माण कार्य र किसान सूचीकरण कार्य सम्पन्न गरिनेछ।

(छ) जग्गाको चक्लाबन्दी गरी खेती गर्ने कृषकहरुलाई प्रोत्साहित गरिनेछ।

(ज) मसिना तथा वासनादार जातका धानको बिउ उत्पादनमा दिइँदै आएको अनुदानलाई निरन्तरता दिइनेछ।

(झ) माटोको स्वास्थ्य अवस्था थाहा पाउन विश्वव्यापी स्थिति निर्धारण (GPS) प्रणालीमा आधारित माटो परीक्षण कार्यलाई अगाडि बढाइनेछ।

(ञ) आधुनिक कृषि प्रविधि, सिँचाइ तथा कृषि यान्त्रीकरणमा अनुदान प्रदान गरिनेछ।

(ट) कृषक समूह तथा सहकारीमार्फत उत्पादन र बजारीकरण प्रणाली विकास गरिनेछ।

(ठ) उन्नत बीउ, मल तथा प्राविधिक सेवाको सहज पहुँच सुनिश्चित गरिनेछ।

(ड) दूध, मासु, तरकारी तथा फलफूलको व्यवसायिक उत्पादनका लागि नश्ल सुधार र प्रविधि सहयोगका कार्यक्रम सञ्चालन गरिनेछ।

(ढ) बंगुरको मासु प्रशोधन र बाह्य बजारसम्म पुर्याउन बजारीकरणका कार्य अगाडि बढाइनेछ।

(ण) स्थानीय उत्पादनको ब्राण्डिङ्ग तथा बजारीकरण गर्न Online Market Platform व्यवस्थापन गरिनेछ।

(त) गौशालालाई उत्पादनसँग जोड्न कोइकासँगको साझेदारीमा प्राङ्गारिक मल उद्योग स्थापना गरी सञ्चालन गरिनेछ।

(थ) कृषकसँग स्थानीय सरकार कार्यक्रम सञ्चालन र उत्कृष्ट कृषकलाई सम्मानित गरिनेछ।

## १.२ पर्यटन विकास सम्बन्धी नीतिः

(क) पर्यटनको व्यवस्थित विकासका लागि पर्यटन गुरुयोजना तयार गरिनेछ।

(ख) बर्दिया राष्ट्रिय निकुञ्ज र धार्मिक, सांस्कृतिक तथा प्राकृतिक पर्यटकीय क्षेत्रहरुको संरक्षण तथा प्रवर्द्धन गरिनेछ।

(ग) डिजिटल मार्केटिङ्गमा पहुँच वृद्धिका लागि साझेदार संस्थाहरुको सहकार्यमा तालिम प्रदान गरी डिजिटल ल्याब स्थापना तथा सञ्चालन गरिनेछ।

(घ) द एसिया फाउण्डेसनको सहयोगमा पर्यटन प्रवर्द्धनका लागि आवश्यक सीप, डिजिटल साक्षरता सम्बन्धी तालिम र ठाकुरद्वारामा डिजिटल उद्यमी प्रयोगशाला (Digital Entrepreneur Lab) स्थापना गरिनेछ।

(ङ) नेपाल पर्यटन बोर्डको दिगो पर्यटन विकास (STP) कार्यक्रमसँगको साझेदारीमा पर्यटकीय पूर्वाधार निर्माण र प्रवर्द्धनात्मक कार्यक्रम सञ्चालन गरिनेछ।

(च) जलवायु अनुकूलनका लागि बहुउद्देश्यीय जलाशय तथा इको-टुरिजम परियोजना सञ्चालन गरिनेछ।

(छ) चरा महोत्सव, टुर दि ठाकुरद्वारा र माघी मेलाजस्ता प्रवर्द्धनात्मक कार्यक्रमा सञ्चालन गरिनेछ।

(ज) स्वच्छ तथा पर्यटनमैत्री बस्तिको विकास गर्दै Physical Fitness पार्कको निर्माण र सौन्दर्यीकरण गरिनेछ।

(झ) पशुहरुको आहारा उत्पादन, वातावरण संरक्षण तथा सौन्दर्यीकरणका लागि बहुवर्षे डाले घाँस लगायतका जडिबुटीजन्य र फलफूलका बिरुवाहरु सडक किनारामा लगाई हराभरा बनाइनेछ।

(ञ) स्थानीय मठमन्दिर, चर्च, मरुवा आदिको संरक्षण र व्यवस्थापनमा सहयोग गरिनेछ।

(ट) पुरातत्व विभागको सहकार्यमा पुरातात्विक महत्वका स्थलहरुको उत्खनन गरी संरक्षण र सम्वर्द्धन गरिनुका साथै साझेदारीमा आवश्यक संरचनाहरुको पुनः निर्माण गरिनेछ।

(ठ) नगरपालिका अन्तर्गतका महत्वपूर्ण धार्मिक, सांस्कृतिक, प्राकृतिक तथा पर्यटकीय स्थलहरुको क्यु.आर. कोड (QR Code) सहितको जानकारीमूलक सूचना पाटी राखिनेछ।

(ड) सनातन हिन्दु पर्यावरण प्रतिष्ठान नेपालको समन्वयमा सनातन सभ्यता सङ्ग्रहालय स्थापना गरिनेछ।

(ढ) भाषा, कला, साहित्य तथा संस्कृतिको संरक्षणका लागि ठाकुरबाबा प्रज्ञा प्रतिष्ठानमार्फत कार्यक्रम सञ्चालनलाई निरन्तरता दिनुका साथै ठाकुरबाबा नगरपालिकाको इतिहास, भाषा, कला, साहित्य र संस्कृतिको संरक्षण र प्रवर्द्धनका लागि पुरातत्व विभाग, नेपाल प्रज्ञा प्रतिष्ठान, नेपाल ललितकला प्रज्ञा प्रतिष्ठान, सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठान र सांस्कृतिक संस्थान काठमाडौसँग सहकार्य तथा समन्वय गरिनेछ।

## १.३ <u>रोजगार, सीप तथा उद्यशीलता र सहकारी विकास सम्बन्धी नीतिः</u>

(क) रोजगार, सीप तथा उद्यमशीलताको एकीकृत सेवा प्रवाह सुनिश्चित गर्न रोजगार सेवा केन्द्रलाई रोजगार, सीप तथा उद्यमशीलता केन्द्रमा रुपान्तरित गरी प्रभावकारी ढङ्गले सञ्चालन गरिनेछ।

(ख) उद्यमशीलता प्रवर्द्धनका लागि युवा उद्यमीहरुलाई स्वरोजगारमुखी सीप विकास तालिम सञ्चालन गरिनेछ।

(ग) वैदेशिक रोजगारीबाट फर्किएका युवालाई उद्यमशीलतामा प्रोत्साहन गर्न **"युवा स्टार्टअप तथा उद्यम कोष"** स्थापना गरी परिचालन गरिनेछ।

(घ) आप्रवासी कामदार तथा उनीहरुको परिवारको अधिकार सुनिश्चित गर्न सङ्घीय सरकार, प्रदेश सरकार र वैदेशिक रोजगार बोर्डससँगको समन्वय तथा सहकार्यमा सुरक्षित वैदेशिक रोजगार सम्बन्धी सूचना प्रवाह, मानसिक स्वास्थ्य तथा मनोपरामर्श सेवा, वित्तीय साक्षरता र सीप अभिवृद्धि कार्यलाई निरन्तरता दिइनेछ।

(ङ) वैदेशिक रोजगारलाई सुरक्षित, व्यवस्थित र मर्यादित बनाउन सुरक्षित आप्रवासन (सामी) कार्यक्रमसँग साझेदारी गरी कार्यक्रम सञ्चालन गरिनेछ।

(च) नगरपालिकामा रहेको स्वरोजगार कोषलाई नवप्रवर्तन कार्यक्रममा लगानी गरिनेछ।

(छ) सहकारीहरुको क्षमता विकासका कार्यक्रमहरु सञ्चालन गरिनेछ।

(ज) एकल महिला, मुक्तकमैया, दलित, विपन्न, यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक र अन्तरलिङ्गी वर्गका महिलाहरुलाई व्यवसाय सञ्चालनमा प्रोत्साहन तथा सहयोग गरिनेछ।

(झ) ठाकुरबाबा नगरपालिकाभित्र रहेका कृषि, साना किसान तथा बहुउद्देश्यीय सहकारीहरुलाई उद्देश्य अनुरुप काम गर्न अनिवार्य गरी कम्तिमा एउटा वस्तुको अनिवार्य बजारीकरण गर्न लगाइनेछ।

## २. सामाजिक विकास नीतिः

### २.१ शिक्षा सम्बन्धी नीतिः

(क) सबै बालबालिकाहरुलाई गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर सुनिश्चितसहित नमूना बालविकास बनाउन शिक्षकहरुलाई मन्टेश्वरी पद्धतिमा आधारित तालिम प्रदान गरिनेछ।

(ख) कक्षा १२ सम्मको शिक्षालाई **"निःशुल्क मात्र होइन, गुणस्तरीय र प्रविधिमैत्री शिक्षा"** अभियानका साथ सञ्चालन गरिनेछ।

(ग) सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधार गर्न नतिजा (विद्यार्थी उत्तीर्ण दर, सरसफाईको अवस्था, अनुशासन, विद्यालयमा फूलबारी तथा करेशाबारी व्यवस्थापन आदि) मा आधारित अनुदान दिने व्यवस्थाको सुरुवात गरिनेछ।

(घ) शैक्षिक सुशासन कायम गर्न विज्ञ सहितको सघन अनुगमन तथा सुपरीवेक्षण कार्यलाई अगाडि बढाइनेछ।

(ङ) प्रारम्भिक उमेरका बालबालिकाहरुको विकासका पक्षहरु र यसमा अभिभावकले निर्वाह गर्नुपर्ने भूमिका बारे अभिभावकको सचेतना अभिवृद्धिका लागि नियमित रुपमा अभिभावक शिक्षा कार्यक्रम सञ्चालन गरिनेछ।

(च) सूचना तथा सञ्चार प्रविधिको प्रयोग मार्फत विद्यार्थीको सिकाई तथा शिक्षा व्यवस्थापनमा सुधार गरी विद्यालयमा सूचना प्रविधिमैत्री शिक्षण प्रणाली लागू गरिनेछ।

(छ) शिक्षकहरुको पेशागत विकासमा सहयोग पुर्याउन शिक्षकहरुलाई मागमा आधारित क्षमता विकास तालिम तथा कार्यक्रम सञ्चालन गरिनेछ।

(ज) शिक्षा क्षेत्रको जानकारी लिन, विद्यार्थीहरुको समस्या बुझ्न तथा शैक्षिक क्षेत्रमा सुशासन कायम गर्न **"विद्यार्थीसँग प्रमुख तथा उपप्रमुख कार्यक्रम"** सञ्चालन गरिनेछ।

(झ) सिमान्तकृत, अपाङ्गता भएका र पिछडिएका समुदायका बालबालिकालाई विशेष कार्यक्रमहरु सञ्चालन गरिनेछ।

(ञ) प्राविधिक तथा व्यावसायिक शिक्षामार्फत सीपयुक्त प्राविधिक एवं दक्ष जनशक्ति उत्पादनमा जोड दिइनेछ।

(ट) गुरुकुल विद्यालय तथा अनाथ बालबालिकाका लागि आवासीय विद्यालय सञ्चालनलाई निरन्तरता दिइनेछ।

(ठ) नतिजामा आधारित उत्कृष्ट विद्यार्थी तथा विद्यालय र कार्यसम्पादनका आधारमा उत्कृष्ट शिक्षक र कर्मचारीहरुलाई सम्मान तथा पुरस्कृत गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

(ड) मासिक रुपमा हरेक विद्यालयमा **"प्रमुखसँग युवा कार्यक्रम"** अन्तर्गत लागूपदार्थ तथा दुर्व्यसनविरुद्ध सचेतना कार्यक्रम सञ्चालन गरिनेछ भने **"उपप्रमुखसँग किशोरी कार्यक्रम"** मार्फत यौन तथा प्रजनन स्वास्थ्य, मर्यादित महिनावारी तथा लैङ्गिक हिंसा विरुद्धको अभियान सञ्चालन गरिनेछ।

(ढ) विद्यालयहरुमा स्वस्थ र पोषणमैत्री दिवा खाजाको व्यवस्था गर्न स्थानीय कृषकबाट उत्पादित कृषि उपज सहकारीमार्फत विद्यालयहरुमा उपलब्ध गराउने व्यवस्था गरिनेछ।

## २.२ <u>युवा तथा खेलकूद सम्बन्धी नीतिः</u>

(क) नगर खेलकुद विकास समितिलाई थप स्वायत्त र अधिकार सम्पन्न बनाई नियमित रुपमा खेलकुदका गतिविधिहरु सञ्चालन गरिनेछ।

(ख) ठाकुरबाबाको पहिचान रुपमा रहेको खोखो खेलको विकास र प्रवर्द्धन गर्ने खेल गतिविधिहरु सञ्चालन गरिनेछ।

(ग) खेलकुदको पूर्वाधारका लागि प्याराफिट सहितको खेलमैदान निर्माण गरिनेछ।

(घ) ठाकुरबाबा कप पुरुष तथा महिला फुटबल प्रतियोगिता, राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता, वडास्तरीय प्रतियोगिताहरु सञ्चालनका साथै जिल्ला, प्रदेश, राष्ट्रिय, अन्तर्राष्ट्रिय प्रतियोगितामा सहभागी गराउनका लागि नियमित प्रशिक्षणको व्यवस्था मिलाइनेछ।

(ङ) उत्कृष्ट खेलाडीहरुलाई गरिँदै आएको सम्मान तथा प्रोत्साहनलाई निरन्तरता दिइनेछ।

## २.३ <u>स्वास्थ्य सम्बन्धी नीतिः</u>

(क) **"स्वस्थ नागरिकः समृद्ध समाज"** भन्ने मूल नाराका साथ आधारभूत स्वास्थ्य सेवालाई थप प्रभावकारी बनाइनेछ।

(ख) **"गर्भदेखि जन्मसम्मः नगरपालिका साथसाथ"** अभियान अन्तर्गत मातृ तथा शिशु स्वास्थ्य कार्यक्रमलाई प्राथमिकता दिइनेछ।

(ग) आधारभूत नगर अस्पताललाई सुविधा सम्पन्न बनाउन आवश्यक उपकरण तथा फर्निचर व्यवस्थापन, र कार्यालय परिसरलाई सौन्दर्यीकरण गरिनेछ।

(घ) आधारभूत स्वास्थ्य केन्द्रहरुबाट प्रदान गरिँदै आएको सेवामा प्रवर्धनात्मक (Promotional/Preventive) सेवालाई विशेष जोड दिइनेछ भने नगर अस्पतालबाट प्रदान गरिँदै आएको सेवालाई थप विस्तार गरी आँखासम्बन्धी उपचार, दन्त उपचार तथा रक्तसञ्चार सेवा थप गरिनेछ।

(ङ) नगरभित्र सञ्चालित बर्थिङ्ग सेन्टरहरूको प्रभावकारिता, जनशक्ति तथा स्रोत साधनको समुचित उपयोग सुनिश्चित गर्न आवश्यकतानुसार एकीकृत मातृ तथा नवजात शिशु सेवा प्रणाली विकास गरिनेछ।

(च) नगर अस्पतालमा स्त्री तथा प्रसूति रोग विशेषज्ञसहित २४ सै घण्टा गुणस्तरीय प्रसूति सेवा उपलब्ध गराइनेछ। गर्भवती महिलाको स्वास्थ्य सेवामा पहुँच सुनिश्चित गर्न **"निःशुल्क मातृ एम्बुलेन्स सेवा"** उपलब्ध गराइनेछ।

(छ) नसर्ने रोग तथा मानसिक स्वास्थ्य सम्बन्धी सचेतना कार्यक्रम सञ्चालन गरिनेछ।

(ज) स्वास्थ्य बीमा कार्यक्रममा नागरिकको सहभागिता बढाइनेछ।

(झ) महिला स्वास्थ्य स्वयंसेविका र द्वन्द्वपीडित नागरिकको स्वास्थ्य बिमा कार्यक्रमलाई निरन्तरता दिइनेछ।

(ञ) कुपोषण न्यूनीकरणका लागि सामुदायिक विद्यालयहरुमा अस्वस्थकर खाना नियमन तथा नियन्त्रण अभियान सञ्चालन गरिनेछ।

(ट) विशेषज्ञ स्वास्थ्य शिविर, रक्तदान शिविर जस्ता कार्यक्रम निरन्तर रुपमा सञ्चालन गरिनेछ।

(ठ) साझेदार सङ्घसंस्थाहरुसँगको सहकार्यमा किशोरकिशोरी यौन तथा प्रजनन स्वास्थ्य सम्बन्धी कार्यक्रम, मानसिक स्वास्थ्य तथा मनोसामाजिक परामर्श सेवा र पोषण सम्बन्धी कार्यक्रमहरुलाई निरन्तरता दिइनेछ।

(ड) सिकलसेल एनिमिया र थालेसिमिया रोगको निदानका लागि समन्वय र सहकार्य गरिनुका साथै दीर्घरोगीले प्राप्त गर्ने उपचार खर्च भुक्तानीलाई थप व्यवस्थित बनाइनेछ।

## २.४ खानेपानी तथा सरसफाई सम्बन्धी नीतिः

(क) सुरक्षित खानेपानीको पहुँच विस्तार गरिनेछ।

(ख) प्रत्येक घरमा सुरक्षित खानेपानी उपलब्ध गराउन निर्माण सम्पन्न भएका आयोजनाहरुको खानेपानी पाइप विस्तार गर्न र अधुरा आयोजनाहरु सम्पन्न गर्न प्रदेश सरकारसँग समन्वय गरिनेछ।

(ग) पूर्ण सरसफाईयुक्त स्थानीय तह घोषणा अभियानलाई निरन्तरता दिइनेछ।

(घ) राष्ट्रिय खानेपानी, सरसफाई तथा स्वच्छता व्यवस्थापन सूचना प्रणाली (NWASH) लाई सुदृढीकरण गरिनुका साथै मेडिकलजन्य फोहर व्यवस्थापन गर्न आवश्यक समन्वय र सहकार्य गरिनेछ।

(ङ) वैकल्पिक ऊर्जा व्यवस्थापनका लागि सञ्चालित कार्यक्रमलाई थप प्रभावकारी बनाई निरन्तरता दिइनेछ।

## २.५ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी नीतिः

(क) महिला, दलित, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति तथा पिछडिएका समुदायको सशक्तीकरणमा विशेष जोड दिइनेछ।

(ख) ज्येष्ठ नागरिक सम्मान कार्यक्रम सञ्चालन गरिनेछ।

(ग) बाल संरक्षण तथा सामाजिक सुरक्षा कार्यक्रमलाई थप प्रभावकारी बनाइनेछ।

(घ) महिलाहरुलाई आत्मनिर्भर बनाउन विभिन्न सङ्घसंस्था समेतको सहयोगमा महिला उद्यमशीलता कार्यक्रम सञ्चालन गरिनेछ।

(ङ) राजनीति र नेतृत्वमा महिला सहभागिता बढाउन युवा तथा महिलाका लागि नेतृत्व विकास तालिम सञ्चालन गरिनेछ।

(च) लुम्बिनी प्रदेश सरकार तथा सङ्घसंस्थासँगको साझेदारीमा अपाङ्गगता पहिचान, रोकथाम र पुनः स्थापना कार्यक्रम सञ्चालन गरिनेछ।

(छ) बाल अधिकार संरक्षणका लागि बालमैत्री स्थानीय शासन कार्यक्रम कार्यान्वयन गरिनेछ।

(ज) यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक, अन्तरलिङ्गी, द्वन्द्वपीडित तथा एकल महिलाका लागि विशेष कार्यक्रम सञ्चालन गरिनेछ।

(झ) अपाङ्गता न्यूनीकरणका लागि गर्भावस्थामा गरिने एनोमोली स्क्यानमा सहुलियत प्रदान गरिनेछ।

(ञ) लैङ्गिक हिंसा निवारण कोष र बाल संरक्षण कोषलाई निरन्तरता दिइनेछ।

(ट) क्याम्पेन फर चेन्ज संस्थासँगको साझेदारीमा अन्तरलिङ्गी व्यक्तिको सामाजिक न्याय, अधिकार तथा सशक्तिकरणका कार्यक्रम सञ्चालन गरिनेछ।

(ठ) सशस्त्र द्वन्द्वको समयमा पति वेपत्ता पारिएका एकल महिलालाई मासिक रुपमा प्रदान गरिँदै आएको निर्वाह भत्ता र बडघरलाई प्रदान गरिँदै आएको सञ्चार खर्चलाई निरन्तरता दिइनेछ।

(ड) सङ्घसंस्थाको सहयोगमा हरेक वडामा बाल उद्यान सहित महिला उद्यमी पार्क निर्माण गरिनेछ।

(ढ) आमसञ्चारका माध्यमबाट बालबालिका तथा किशोरकिशोरीहरुको मानसिक स्वास्थ्य, मनोसामाजिक समस्या र मनोसामाजिक सहयोग र हानीकारक प्रथाका विरुद्धमा उपयुक्त भाषा र शैलीमा सूचनाका सामाग्रीहरु तयार गरी प्रसारण गरिनेछ।

(ण) बालविवाह न्यूनीकरणलाई प्रभावकारी बनाउन सरोकारवालाहरुको समन्वयमा दण्डात्मक नीति समेत अवलम्बन गरिनेछ।

## ३. <u>पूर्वाधार विकास नीतिः</u>

(क) आ. व. २०८२।०८३ मा सञ्चालित आयोजनाहरुलाई सम्पन्न गर्ने कार्यलाई प्राथमिकता दिइनेछ।

(ख) वडाका सबै कच्ची सडकहरुलाई क्रमशः स्तरोन्नति गर्दै लगिनेछ।

(ग) जीर्ण कालोपत्रे सडक मर्मत र बाढी प्रभावित क्षेत्रमा ढलान प्रविधिबाट बाटो निर्माण गरिनेछ।

(घ) अति आवश्यक ठाउँमा सिँचाइ नाली, पुल, कल्भर्ट तथा पैदल मार्ग निर्माण गरिनेछ।

(ङ) सडकको सौन्दर्यीकरण तथा सुरक्षा सम्बन्धी कार्यक्रमका लागि सडक बत्ती विस्तार, चोक तथा टोल बस्तिको नामाकरण, सि.सि. क्यामरा जडान, ग्रीन जोन तथा फुटपाथ निर्माण कार्य गरिनेछ।

(च) मानव वन्यजन्तु द्वन्द्व न्यूनीकरणका लागि हात्ती छेकबार तथा नदी कटान क्षेत्रहरुमा तटबन्धन निर्माण कार्यलाई निरन्तरता दिइनेछ।

(छ) सुरक्षित तथा ऊर्जा प्रभावकारी आवास निर्माण कार्यलाई निरन्तरता दिँदै उर्जा प्रभावकारी भवन निर्माण गर्न निःशुल्क परामर्श सेवा प्रदान गरिनेछ।

(ज) हाल कार्यान्वयन भई पूर्ण हुन बाँकी रहेका सडकहरुलाई पूर्णता दिने गरी योजना तय गरिनेछ।

(झ) सामूदायिक विद्यालयका भवनहरु, स्वास्थ्य सेवा केन्द्रहरु, वडा कार्यालयहरु र कृषि तथा पशु सेवा केन्द्रहरुका भवनहरु मर्मत सम्भार र रङ्गरोगन गरिनेछ।

(ञ) स्वास्थ्य संस्था तथा विद्यालय मर्मत सम्भार कोषलाई निरन्तरता दिइनेछ।

(ट) भुड्कैयाको वनभोज स्थलमा थप पूर्वाधार निर्माण गरिनेछ।

## ४. <u>वन, वातावरण तथा विपद् व्यवस्थापन नीतिः</u>

(क) प्राकृतिक प्रकोप तथा विपद् व्यवस्थापनका लागि आवश्यक नीतिगत तथा संरचनागत व्यवस्था गरिनेछ।

(ख) वडा नं. ६, ७, ८ र ९ नं. मा बर्दिया राष्ट्रिय निकुञ्ज क्षेत्रबाट आउने बाढीलाई दीर्घकालीन रुपमा समाधान गर्न ड्यामसहितको ठूलो जलाशय निर्माण गर्ने र त्यसलाई बहुउपयोग गरी कृषि उत्पादन वृद्धि, जलस्रोत संरक्षण, मत्स्यपालन तथा जल पर्यटन प्रवर्द्धन गरिनेछ।

(ग) हात्ती छेकवार निर्माणलाई निरन्तरता दिँदै प्रकृति संरक्षण कोषको साझेदारीमा बस्ती र जमिनको बनोट अनुसारका वनस्पति, बोटबिरुवा, डाले घाँस, फलफूल लगाएर मानव-वन्यजन्तु द्वन्द्व न्यूनीकरण गरिनुका साथै जलवायु अनुकुलतालाई थप प्रभावकारी बनाइनेछ।

(घ) विपद् व्यवस्थापनसँग सम्बन्धित सबै दस्तावेजहरुलाई एकीकृत गरी स्थानीय विपद् तथा जलवायु उत्थानशील कार्यढाँचा (LDCRF) निर्माण गरिनेछ।

(ङ) वन संरक्षण, वृक्षारोपण तथा वन डढेलो नियन्त्रण सम्बन्धी कार्यक्रमहरु सञ्चालन गरिनेछ।

(च) **"प्लास्टिकमुक्त ठाकुरबाबा"** अभियानका लागि प्लास्टिकजन्य फोहोर न्यूनीकरण तथा वैकल्पिक सामाग्रीहरुको प्रवर्द्धन सम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ।

(छ) स्थानीय आपतकालीन कार्य सञ्चालन केन्द्र (LEOC) को सुदृढीकरण गरी सोहीमार्फत विपद् पूर्व तयारी, खोज उद्धार, प्रतिकार्य तथा पुनर्स्थापना कार्यलाई व्यवस्थित रुपमा सञ्चालन गरिनेछ।

## ५. <u>सुशासन तथा संस्थागत विकास सम्बन्धी नीतिः</u>

(क) सेवा प्रवाहलाई छिटो, छरितो, पारदर्शी र नागरिकमैत्री बनाउन डिजिटल सेवा प्रणालीलाई विस्तार गरिनेछ।

(ख) न्याय सम्पादनलाई प्रभावकारी तथा गुणस्तरीय बनाउनका लागि मेलमिलापकर्ताको क्षमता अभिवृद्धि तालिम सञ्चालन तथा मेलमिलाप केन्द्रहरुको व्यवस्थापन गरिनेछ।

(ग) आम सञ्चारका माध्यमबाट न्यायीक समितिबाट प्रदान गरिने सेवाबारे जानकारी गराइनेछ।

(घ) लुम्बिनी प्रदेशस्तरीय न्यायीक संवाद कार्यक्रम सञ्चालन गरिनेछ।

(ङ) करदाता शिक्षा कार्यक्रम, व्यवसाय दर्ता तथा नवीकरण शिविर तथा बजार अनुगमन कार्यलाई निरन्तरता दिइनेछ।

(च) सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण र नागरिक सन्तुष्टि सर्वेक्षण जस्ता सुशासन प्रवर्द्धनका कार्यहरुलाई निरन्तरता दिइनेछ।

(छ) जनप्रतिनीधि र कर्मचारीहरुका लागि क्षमता विकास तालिम सञ्चालन गरिनेछ।

(ज) सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण गरी सोका आधारमा जनशक्तिको व्यवस्थापन गरिनेछ।

(झ) नगरपालिकाबाट हुने हरेक गतिविधिलाई सामाजिक सञ्जाल तथा वेवसाइट मार्फत सार्वजनिक गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

(ञ) विकासका साझेदार सङ्घसंस्था तथा निजी क्षेत्रसँग सहकार्य गरी कार्यक्रम सञ्चालन गरिनेछ।

(ट) योजना तथा कार्यक्रमको अनुगमन तथा मूल्याङ्कनलाई सूचकमा आधारित बनाइनेछ।

(ठ) नगरपालिकाको कार्यक्षेत्रभित्र क्रियाशील गैरसरकारी सङ्घसंस्थाको कार्यक्रमलाई प्रभावकारी बनाउन अनिवार्य रुपमा नगरपालिकाको रातो किताबमा समावेश गर्ने, एकीकृत कार्ययोजना बनाई कार्यान्वयन गर्ने/गराउने र नियमित रुपमा समीक्षा गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

**नगर सभाका उपाध्यक्ष, सचिव तथा सम्पूर्ण सदस्यज्यूहरू र सम्पूर्ण महानुभावहरू,**

आज प्रस्तुत गरिएको नीति तथा कार्यक्रम कुनै व्यक्ति, दल वा नेतृत्व विशेषको दस्तावेज होइन। यो ठाकुरबाबाका सम्पूर्ण नागरिकको सपना, आकांक्षा र समृद्ध भविष्य निर्माणको साझा मार्गचित्र हो। विगतका वर्षहरूमा हामीले शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन, सुशासन र पूर्वाधार विकासका क्षेत्रमा महत्वपूर्ण उपलब्धिहरू हासिल गरेका छौं। यी उपलब्धिहरू कुनै एक व्यक्ति वा संस्थाको प्रयासबाट सम्भव भएका होइनन्। जनप्रतिनिधि, राष्ट्रसेवक कर्मचारी, शिक्षक, किसान, व्यवसायी, सामाजिक संघसंस्था, सञ्चारकर्मी तथा सम्पूर्ण नगरवासीको साझा मेहनत र विश्वासको परिणाम हो। आज हामी एउटा महत्वपूर्ण मोडमा उभिएका छौं। अब हाम्रो लक्ष्य केवल योजना बनाउने होइन; परिणाम दिने हो, केवल संरचना निर्माण गर्ने होइन; समृद्ध जीवन निर्माण गर्ने हो, केवल विकासका कुरा गर्ने होइन; विकासको अनुभूति प्रत्येक नागरिकको घरदैलोमा पुऱ्याउने हो। हामीसँग सम्भावना छ, स्रोत छ, क्षमता छ र सबैभन्दा ठूलो कुरा एकता र आत्मविश्वास छ। यही शक्तिलाई आधार

बनाएर हामीले "**समुन्नत ठाकुरबाबाः सबल नगरवासी"** को यात्रालाई अझ तीव्र र प्रभावकारी बनाउनु छ। म दृढ विश्वासका साथ भन्न चाहन्छुः- हामीले सामाजिक रूपान्तरणको यात्रामा प्राप्त गरेको सफलताले हाम्रो परिचय लुम्बिनी प्रदेशमा मात्र होईन, नेपालभरि नै पुगेको छ र करिब-करिब ठाकुरबाबा नगरपालिका ब्राण्डको रुपमा नै स्थापित भएको छ। यो सफलता कुनै एक पक्षले गर्दा मात्र सम्भव भएको होईन, हामी सबै मिलेर पूरा गरेका हौं। अब बाँकी अभिभारा पूरा गर्न विकासका मुद्दामा हामी सबै एक हौं, समृद्धिको यात्रामा हामी सबै सहयात्री हौं र ठाकुरबाबाको भविष्य निर्माणमा हामी सबै बराबर जिम्मेवार हौं भन्ने भावनाका साथ अगाडि बढ्न म सम्पूर्ण नगरवासीमा हार्दिक आह्वान गर्दछु।

अन्त्यमा, यस नीति तथा कार्यक्रमको तयारी, परामर्श, छलफल र कार्यान्वयन प्रक्रियामा प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा योगदान पुर्याउनुहुने सम्पूर्ण जनप्रतिनिधि, राष्ट्रसेवक कर्मचारी, राजनीतिक दल, विकास साझेदार, नागरिक समाज, सञ्चारकर्मी, निजी क्षेत्र, शिक्षक, बुद्धिजीवी तथा सम्पूर्ण नगरवासीमा हार्दिक धन्यवाद व्यक्त गर्दछु। हामीले आज रोपेका विकासका बिरुवाहरू भोलिका पुस्ताले समृद्धिको वृक्षका रूपमा अनुभव गर्नेछन्। त्यसैले साझा सपना, साझा जिम्मेवारी र साझा प्रतिबद्धताका साथ समृद्ध, सुशासित, आत्मनिर्भर र गौरवशाली ठाकुरबाबा निर्माणको अभियानमा हातेमालो गरौं। धन्यवाद। जय ठाकुरबाबा।।

**वि. सं. २०८३ साल असार १ गते सोमवार**

**तिलकराम लम्साल**
**नगर सभा अध्यक्ष**
**ठाकुरबाबा नगरपालिका**